# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०८।०३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

इलाका प्रहरी कार्यालय, बाबियाचौर, सुर्खेतका प्रहरी निरीक्षक सुशोभन श्रेष्ठ र प्रहरी जवान तिलक लामिछानेले सेवाग्राहीको सुनचाँदी पसल चोरी भएकोमा चोर पक्राउ गर्न सहजीकरण गरिदिएबापत सेवाग्राहीसँग घुस रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटिइ गएको टोलीले निजहरुलाई रु.१५,०००।-(पन्ध्र हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुदाँ निज प्रहरी निरीक्षक सुशोभन श्रेष्ठले सेवाग्राहीसँग घुस/रिसवत माग गरी आफूले लिने खाने बदनियतले प्रहरी जवान तिलक लामिछानेलाई घुसबापतको रकम लिन लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.१५,०००।-(पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

साथै प्रहरी निरीक्षक सुशोभन श्रेष्ठको लागि घुस रिसवतबापतको रकम लिइदिइ सहयोगीको भूमिका निर्वाह गरी निज प्रहरी जवान तिलक लामिछानेले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिमको कसुर गरेको देखिए पनि निजले घटनाबारे यथार्थ विवरण खुलाइ अनुसन्धान कार्यमा सहयोग गरेको देखिदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम साक्षीको रूपमा प्रस्तुत गरी सजायको मागदावीमा पूर्ण छुट दिइ मागदावी नलिएको ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता